**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:21.05.2024**

- **Meeting Regarding Counting Day**

गान्तोक जिल्लाका निर्माचन क्षेत्रहरूका लागि मतगणना सम्बन्धमा आज बुर्तुकस्थित राज्य शैक्षिक अनुसन्धान प्रशिक्षण परिषदको सम्मेलन कक्षमा बैठक बस्यो। गान्तोकका जिल्ला निर्वाचन अधिकारी एवं जिल्लाधीश श्री तुसार G निखारेको अध्यक्षतामा बसेको बैठकको उद्देश्य मतदानको दिन पालन गरिनुपर्ने विस्तृत प्रक्रिया र प्रोटोकलबारे उम्मेदवारहरू र चुनाउ एजेन्टहरूलाई अवगत गराउनु थियो। जिल्लाधीशले सबै राजनीतिक पार्टीहरूले पुऱ्याएको सहयोगका निम्ति कृतज्ञता व्यक्त गर्नुभयो अनि भन्नुभयो, पारदर्शी र सुगम मतगणना प्रक्रिया सुनिश्चित गर्नु मुख्य प्राथमिकता हुनका साथै यो व्यवस्था निर्वाचन प्रक्रियाको निष्पक्षता कायम राख्नका निम्ति महत्त्वपूर्ण छ। श्री निखारेले जानकारी गराउनुभएअनुसार जिल्ला प्रशासनिक केन्द्रमा रहेको ETPBS कक्ष दुई जुन मतगणनाको दिन बिहान चार तीस बजी अनि बुर्तुकको डाइट कलेजमा स्थापित डाक मतपत्र र EVM-को नियन्त्रण कक्ष बिहान पाँच बजी खेलीने छ। उहाँले भन्नुभयो, निर्वाचन आयोगले तयार पारे इनकोर एपबाट मतगणनाको दिन real-time updates र विस्तृत निर्वाचन परिणामहरू प्रदान गरिनेछ। मुख्यालयका महकुमा अधिकारी श्री GL मीनाले मतगणनाको दिन हुने सुरक्षा व्यवस्था र मतगणना परिसरमा गणना एजेन्टहरूको आवागमनको विस्तृत जानकारी दिनुभयो। बैठकमा बताइएअनुसार मतगणनाको दिन सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका समर्थकहरू पाल्जर स्टेडियममा रहनेछन् भने सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टीका समर्थकहरू रेसिथाङ मैदानमा अनि भारतीय जनता पार्टी, सिटिजन एक्सन पार्टी र निर्दलीय उम्मेदवारका समर्थकहरूले गार्ड्स ग्राउण्डमा रहनुपर्नेछ।

----------------------------------------X----------------------------------------

- **Training for Counting Persons**

पाकिमको ग्रामीण विकास विभागस्थित रूर्बन सामुदायिक परिसरमा मतगणना पर्यवेक्षक, मतगणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूका निम्ति आज दोस्रो चरणको प्रशिक्षण सम्पन्न भयो। दुई चरणमा सम्पन्न प्रशिक्षणको बिहानको सत्रमा राज्य स्तरीय प्रमुख प्रशिक्षक एवं निर्वाचन प्रकोष्ठकी संयुक्त सचिव श्रीमती मेरिना राईले प्रशिक्षण गराउनुभयो। यसैगरी दिउँसोको प्रशिक्षण जिल्ला स्तरीय प्रमुख प्रशिक्षक एवं योजना तथा विकास विभागकी संयुक्त सचिव श्रीमती तेन्जीङ पेमाको निगरानीमा सम्पन्न भयो। प्रशिक्षणको उद्देश्य मतगणनाको दिन त्रुटिहरूको कुनै पनि सम्भावना मेटाउनका साथै मतगणना प्रक्रियाको सटीकता र व्यवस्थित सञ्चालन सुनिश्चित गर्नु हो। प्रशिक्षण अवधि प्रशिक्षकहरूले गणना प्रक्रियामा महत्त्वपूर्ण चरणहरूबारे प्रकाश पार्नका साथै सटीकताको महत्त्वमाथि जोड़ दिनुभयो। यो प्रशिक्षण मंगन जिल्लाका निम्ति पेन्टोकस्थित कृषि विज्ञान केन्द्रको कक्षमा सम्पन्न भयो।

----------------------------------------X----------------------------------------

- **Meeting of Tourism Department**

पर्यटन एवं नागरिक उड्डयन विभाकका प्रधान सचिव श्री CS रावले हिजो केन्द्रिकृत जन गुनासो निवारण तथा निगरानी प्रणालीबाट प्राप्त गुनासोमाथि चर्चा तथा यसबारे प्रकाश पार्ने उद्देश्यले आयोजित बैठकको अध्यक्षता गर्नुभयो। आफ्नो सम्बोधनमा श्री रावले यो बैठक विशेषगरी राज्य भ्रमणमा आउने पर्यटकहरूलाई अधिक भाडा असुल्ने कामको निगरानी र रोकथाम विषयमा केन्द्रित रहेको बताउनुभयो। उहाँले विभागीय गुनासो प्रकोष्ठलाई बलियो बनाउनका साथै तत्काल सहायता र समस्या निवारणका लागि हेल्पलाइन नम्बर जारी गर्नमा रहेको महत्त्वमाथि जोड़ दिनुभयो। श्री रावले जोड़ दिँदै भन्नुभयो, पर्यटन विभागद्वारा टुर सञ्चालक र ट्राभल एजेन्सीहरूले असुल्ने गरेको अधिक भाड़ाबारे समीक्षा गर्न आवश्यक छ। प्रधान सचिवले सुल्क चार्टको कड़ाईका साथ पालन गरिनुपर्छ भन्दै टुर तथा ट्राभल कम्पनीहरूसित राज्यको भ्रमणमा आउने पर्यटकहरूबाट अधिक भाड़ा नलिने आग्रह गर्नुभयो।

----------------------------------------X----------------------------------------

- **Complain against Business Operator**

खाद्य सुरक्षा अधिकारीले एकजना खाद्य व्यापार सञ्चालक विरूद्ध म्याद सकिएका र कुनै लेबल बिनाको खाद्य सामग्री राखेको अनि विक्रि काउन्टरमा सड़ेका फलहरू राखेको भन्दै उजुरी दर्ता गर्नुभएको थियो, जुन खाद्य सुरक्षा तथा मानक ऐन, 2006-को उल्लंघन हो। गेजिङ जिल्लाका निर्णायक अधिकृतसमेत रहनुभएका अतिरिक्त जिल्लाधीशले सुनुवाइपछि दोषी विरूद्ध तीस हजार रूपियाँको जरिमाना लगाउँदै खाद्य सुरक्षा तथा मानक ऐन, 2006-को कडाईलाई साथ पालना गर्ने निर्देशन दिनुभएको छ।

----------------------------------------X----------------------------------------

- **Sikkim Monsoon Risk**

सोरेङकी जिल्लाधीश एवं जिल्ला आपदा प्रबन्धन प्राधिकरणकी अध्यक्ष सुश्री येस्सी D योङदाले मानसुनको वर्षाबाट उत्पन्न हुने पहिरोको खतराका कारण हुने चिन्तालाई सम्बोधन गर्न एउटा सक्रिय पहलमा आपदा प्रबन्धन ऐन, 2005-को धारा तीस लागू गर्नुभएको छ। यो ऐन एक जुनदेखि तीस सितम्बरसम्म प्रभावी रहनेछ। यस ऐनअन्तर्गत सबै नयाँ निर्माणका कार्यहरूमा प्रतिबन्ध लगाइने छ, जसको उद्देश्य सम्पत्तिको क्षति हुने खतराबाट राहत पाउनका साथै जोखिम स्थानहरूको सुरक्षा गर्नु हो। यसअवधि संरक्षण, पुनर्स्थापना र मरम्मतीसित सम्बन्धी कार्यलाई मात्र चालु राख्ने अनुमति दिइएको छ। यस निर्देशनको उद्देश्य पहिरोको बढ्दो जोखिमबीच सामुदायिक सुरक्षाको महत्त्वलाई जोड दिनु हो।

----------------------------------------X----------------------------------------

- **SSDMA Awareness Programme**

सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणले आज पाकिम जिल्लाको गोलिटारमा गल्फ र PRA अभ्यासमाथि जागरूकता एवं प्रशिक्षण कार्यक्रम आयोजन गऱ्यो। प्राधिकरणका सहायक शहरी योजनाकार श्री दिनेश ढकालले नेतृत्व गरेको टोलीमा गोलिटारका पञ्चायत, जल संसाधनका अतिरिक्त अभियन्ता, डुगाका खण्ड विकास अधिकारी, इष्ट पोइन्ट विद्यालयका प्रधानाचार्य एवं अन्य रहेका थिए।

----------------------------------------X----------------------------------------